


एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




# बिचौलिया जस्ता उपभोक्ता समिति



**सुन्दरकुमार थकाली**
जोमसोम, ५ साउन

विकास, निर्माणका १ करोडभन्दा कम रकमका आयोजनाको काम उपभोक्ता समितिमार्फत गर्न पाइन्छ । तर, स्थानीय स्तरका उपभोक्ता समितिलाई दिइएको विकास आयोजनाको काम प्रभावकारी बन्न सकेको छैन ।

विकास, निर्माणको जिम्मा उपभोक्ता समितिलाई दिँदा स्थानीय स्तरमा रोजगारी सिर्जना हुने, कामको अपनत्व हुने, गुणस्तरसमेत राम्रो हुने अपेक्षा गरिन्छ । ज्ञान, सीप र क्षमताको विकास गर्ने उद्देश्यले उपभोक्ता समितिलाई कामको जिम्मा सरकारले दिएको हो । यसरी उपभोक्ता समितिले विकासका काम गर्दा १० प्रतिशत श्रमदान गर्नुपर्ने हुन्छ ।

उपभोक्ता समितिलाई काम दिँदा ठेक्का सम्झौता नहुने र श्रमदान कटाएर कुल लागतमै काम गर्न पाउछन् । संघीयतासँगै संघ, प्रदेश र स्थानीय तहका कतिपय विकास योजनाको काम सिधै उपभोक्ता समितिलाई दिँदा यसको दुरुपयोग भइरहेको छ । यसरी भएका कामको गुणस्तरसमेत कमजोर भएको गुनासो सुनिन्छ ।

मुस्ताङका कतिपय उपभोक्ता समितिले काम राम्रो गर्न नसकेको, पाएको काम अरुलाई दिने गरेको र कायविधिमा उल्लेख भए अनुसार श्रमदानसमेत नगरेकाले

> **उपभोक्ता आफैंले काम गर्दा योजनामा अपनत्व, काममा गुणस्तर र आयआर्जन हुने भए पनि समितिहरु बिचौलिया बनेका छन्**

कार्यसम्पादन प्रभावकारी बन्न नसकेको सरोकारवाला बताउँछन् । कतिपय स्थानीय तहमा बजेट सक्ने उद्देश्यले हतार हतारमा आफूखुसी मिलेमतोमा उपभोक्ता समिति गठन गरी काम भएका छन् । यसरी बनेका समितिहरु बिचौलिया जस्ता बनेका छन् ।

स्थानीय तह तथा अरु कार्यालयबाट सम्झौता गरेका काम उपभोक्ता समितिले २० देखि ४० प्रतिशतसम्म नाफा लिएर अर्को पक्षलाई ठेक्का लगाउँदा लागत अनुसार विकासको काम प्रभावकारी बन्न नसकेको हो । तर, उपभोत्ता समितिले लिएको कामको गुणस्तरबारे सम्बन्धित कार्यालयहरु टिप्पणी गर्न चाहदैनन् । कतिपय कार्यालयले भने लागत तथा मापदण्ड अनुसारको काम उपभोक्ता समितिले नगरेपछि गुणस्तर तथा भौतिक प्रगतिको आधारमा भुक्तानी दिने गरेका छन् । मुस्ताङमा संघ, प्रदेश तथा स्थानीय तहका गरी २ सय ५० भन्दा बढी विकास आयोजनाको काम उपभोक्ता समितिले जिम्मा लिएका थिए । तीमध्ये आधाजसो उपभोक्ता समितिले काम दोस्रो र तेस्रो पक्षलाई ठेक्का लगाउने गरेको पाइएको छ ।

यहाँका ५ स्थानीय तहमा १ सय ५० भन्दा बढी योजनाको काम उपभोत्ता समितिले गरेका छन् । यी समितिले १ करोडभन्दा कम लागतमा समाजघर निर्माण, तटबन्ध निर्माण, पर्खाल निर्माण, धार्मिक सम्पदा निर्माण, सिँचाइ लगायतका काम गरेका हुन् ।

लोमान्थाङले १० लाखभन्दा कम बजेटको काममात्र उपभोक्ता समितिलाई दिएको छ । पालिकाले धार्मिक स्थल स्तरोन्नतिका केही काम समितिले गरेको जनाएको छ । मुस्ताङका स्थानीय तह र अन्य विकाससँग सम्बन्धित कार्यालयले समितिले गरेको काममा ९० प्रतिशत भौतिक प्रगति भएको जनाएका छन् ।

खानेपानी तथा सिंचाइ विकास डिभिजन कार्यालय मुस्ताङले ४ शीर्षकमा काम भएको जनाएको छ । संघ तथा प्रदेशका अधिकांश योजना उपभोक्ता समिति लक्षित छन् । । खानेपानीतर्फ संघका ११ वटा र प्रदेशको २० योजनामध्ये २ वटाको काम सकिएन । खानेपानीका लागि पाइप र फिटिङको ठेक्का लगाएर बचत बजेटले क्रमागत रुपमा उपभोक्ता समितिलाई कामको जिम्मा लगाएको कार्यालय प्रमुख झलकमोहन ओझाले जानकारी दिए । कार्यालयले संघ तथा प्रदेशको सिँचाईतर्फ साझेदारीमा ३ र उपभोक्ता समितिबाट ३ वटाको काम गरिरहेको छ । सिँचाइतर्फ २७ योजना ठेक्कामार्फत बनिरहेको कार्यालय प्रमुख ओझाले उल्लेख गरे ।

आपत्कालीन बाढी, पहिरो तथा पुनर्स्थापनातर्फ ३ प्याकेज ठेक्का र २ वटाको उपभोक्ता समितिले कामको जिम्मा लिएका थिए । ऊर्जातर्फ कार्यालय आफैंले उज्यालो प्रदेश कार्यक्रम अन्तर्गत घरेलु सौर्य ऊर्जामा ठेक्का लगाएको थियो भने ४ वटा माइक्रो हाइड्रो स्तरोन्नतिको जिम्मा उपभोक्ता समितिलाई दिएको थियो ।

कार्यालयले उपभोक्ताले गरेको काममा ९० प्रतिशत भौतिक प्रगति भएको जनाएको छ । चालु वर्षमा प्रदेशको एकीकृत कार्यविधि अन्तर्गत सबै काम टेन्डरमार्फत गर्ने नै गर्ने कार्यालयले जनाएको छ ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बिनियोजित ४ करोडका २९ योजना रहेको पूर्वाधार विकास कार्यालय मुस्ताङका इन्जिनियर रवि शेरचनले बताए । थासाङमा ४ वटा योजनाको काममा ४४ लाख ३३ हजार, घरपझोङमा ६ योजनामा ६१ लख ५० हजार, वारागुङमा ८ योजनामा ६१ लख ८४ हजार छ भने उपल्लो मुस्ताङका २ स्थानीय तहमा २९ योजनालाई २ करोड बजेट थियो ।

निर्वाचन क्षेत्र पूर्वाधार विकासका सबै योजनाको काम उपभोत्ता समितिमार्फत गरिएको छ । प्रादेशिक सडक मर्मत संम्भार कार्यक्रम अन्तर्गत ५ वटा योजना छन् । तीमध्ये थासाङ ५ को ताक्लुङ, घरपझोङको मार्फा, वारागुङको पान्डा–लुप्रा, लोघेकरको चराङ खोलादेखि लुरी गुम्बा र लामो ध्येजमदेखि ध्ये गाउँ सडक स्तरोन्नतिको उपभोत्ता समितिले गरिरहेको इन्जिनियर शेरचनले बताए । पूर्वाधार कार्यालयमार्फत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको ९० प्रतिशत र प्रादेशिक सडक मर्मततर्फ ९३ प्रतिशत भौतिक प्रगति भएको उनले जानकारी दिए ।

# कांग्रेस महाधिवेशनमा डिजिटल भोटिङ

**समाधान संवाददाता**
काठमाडौं, ५ साउन



नेपाली कांग्रेसले १४औं महाधिवेशनको वैचारिक प्रचारका लागि प्रविधि मैत्री अभियान थालेको छ । केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागले प्रविधि मैत्री अभियान सुरु गरेको हो ।

नेपाली कांग्रेसको वेबसाइटलाई आधुनिकीकरणका साथसाथै क्रियाशील सदस्यताको अभिलेखिकरणको कार्यमा सकारात्मक रहेको विभागले उल्लेख गरेको छ । महाधिवेशनमा केन्द्र र ७ प्रदेशको 'डिजिटल भोटिङ' गर्न सकिने व्यवस्था गरिएको जनाइएको छ । कोरोना भाइरसको संक्रमण कम भएको मौकामा नेपाली कांग्रेसको १४औं महाधिवेशन भौतिक रुपमै आयोजना गर्ने अपेक्षा रहे पनि पछिल्लो समय बढ्दो कोरोनाको संक्रमणलाई ध्यानमा राखी विभागले 'डिजिटल भोटिङ' को गर्न सकिने जनाएको हो ।

गत महिना असार (२४ र २५) मा बसेको नेपाली कांग्रेस, केन्द्रीय सूचना, सञ्चार तथा प्रचार विभागको तेस्रो पूर्ण बैठक भौतिक र भर्चुअल दवै प्रक्रियाबाट सम्पन्न भएको थियो । उक्त बैठक विभागका प्रमुख एवं पार्टी प्रवक्ता विश्वप्रकाश शर्माको सभापतित्वमा बसेको थियो । बैठकमा प्रस्तावित ' डिजिटल भोटिङ' को अवधारणालाई अन्तिम रुप दिएको वक्तव्य जारी गरिएको छ ।

७७ वटै जिल्ला रहेको नेपाली कांग्रेसको पार्टी कार्यालयमा उपस्थित भएर प्रदेश अधिवेशन र महाधिवेशनका प्रतिनिधिले मतदान गर्न सक्ने व्यवस्था गरिएको जानकारी दिइएको छ । प्रविधि मार्फत केन्द्र र ७ प्रदेशको निर्वाचन सम्बन्धी सबै प्रक्रिया सम्पन्न गर्न सकिने क्षमता रहेको बताइएको छ ।

'डिजिटल भोटिङ'का लागि जिल्ला तहसम्म प्रविधि प्रशिक्षण र सहजीकरणका लागि दक्ष इन्जिनियरहरुको नेटवर्क तयार गरिएको जनाइएको छ । प्रविधि मैत्री अभियानलाई सफल बनाउनका लागि केन्द्रीय समितिमा प्रतिवेदन पठाउने र केन्द्रीय समितिको निर्देशन अनुरुप प्रविधिको व्यवस्थापन गर्ने बताइएको छ । १४ औं महाधिवेशनसँग सम्बन्धित प्रतिनिधि चयन प्रक्रिया, उम्मेदवारीका आधारलगायत विधानको व्यवस्थालाई सरलीकरण गर्दै सबै क्रियाशिल सदस्यमाझ पुर्‍याउन आवश्यक सामग्री तयार गर्न संयोजनका लागि सचिव दिनेश थापा मगरलाई दिइएको बताइएको छ ।

# खिमविक्रम प्रदेश मामिला सभापति



पोखरा, ५ साउन (समाधान) - नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीलाई मुख्यमन्त्री बनाउन निर्णायक भूमिका खेलेको राष्ट्रिय जनमोर्चाका सांसद खिमविक्रम शाही प्रदेश मामिला समिति सभापति निर्वाचित भएका छन् । शाही यसअघि प्रदेश सार्वजनिक लेखा समिति सदस्य थिए । असार ३० गतेको गण्डकी प्रदेश सभा बैठकले शाहीलाई प्रदेश सभाको प्रदेश मामिला समिति सदस्य बनाउने प्रस्ताव पारित गरेको थियो । समितिको मंगलबारको बैठकबाट शाही सभापति चयन भएका हुन् ।

यसअघि उक्त समितिको सभापति जनमोर्चाकै सांसद कृष्ण थापा थिए । तर जनमोर्चाले उनलाई सांसद पदबाट मुक्त हुने गरी जेठ अन्तिम साता कारबाही गरेको थियो । ३ सांसद भएको जनमोर्चाका शाही र पियारी थापामात्रै भएका छन् । थापालाई २ जनाकै बैठकले संसदीय दल नेता यसअघि नै चयन गरेको छ । जनमोर्चाले कांग्रेस नेतृत्व सरकारलाई साथ दिएको छ । तर ऊ मन्त्री लिएर सरकारमा सहभागी नहुने नीतिमा छ । तर गाडीसहितका सुविधा प्राप्त हुने संसदीय समितिमा जान भने पहिल्यैदेखि तयार थियो र गएको पनि थियो । यसअघि एमाले नेता पृथ्वीसुब्बा गुरुङ नेतृत्व सरकारलाई समर्थन गरेको जनमोर्चाको संसदीय दलका नेता कृष्ण थापा प्रदेश मामिला समिति सभापति भएका थिए ।

प्रदेश मामिला समितिमा १३ जना सदस्य छन् । तीमध्ये कांग्रेस, माओवादी र जनमोर्चाका बहुमत अर्थात ७ र प्रतिपक्ष दल एमालेका ६ सांसद छन् । बहुमतकै आधारमा पनि सत्ता गठबन्धनकै पक्षको उम्मेदवारले जित्ने देखिएपछि सभापति दाबा गरी मनोनयन दर्ता गरेका एमाले सांसद इन्द्रधारा विष्टले पछि उम्मेवारी फिर्ता लिएका थिए । समितिका सभापतिले ५६ हजार ८ सय ४० रुपैयाँ तलब सुविधा पाउँछन् ।

# बोल्न थाले मेयर जिसी

## पोखरा महानगरले उपचारका लागि १० लाख सहयोग दिने

**समाधान संवाददाता**
पोखरा, ५ साउन



मस्तिष्कघात भई काठमाडौंको न्युरो अस्पतालमा उपचाररत पोखरा महानगरपालिका मेयर मानबहादुर जिसीको स्वास्थ्य अवस्था क्रमशः सुधार भएको छ ।

२ साउनमा मस्तिष्कको सफल शल्यक्रियापछि उनलाई भेन्टिलेटरबाट हटाएर सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार भइरहेको उनका ज्वाइँ रामकुमार भण्डारीले जानकारी दिए । उनले मेयर जिसीको स्वास्थ्यमा उल्लेख्य सुधार आएको बताए । 'उपचारमा संलग्न चिकित्सकले उहाँको स्वास्थ्य स्पिडमा रिकभर भएको जनाएका छन्,' भण्डारीले भने, ' उहाँको चेतना क्लियर छ । सोधेको प्रश्नको जवाफ दिनुहुन्छ ।'

उनले मेयर जिसीको अनुहार सामान्य भएको बताए । मेयर जिसीलाई पाइपबाट दूध र सुप खान दिइएको छ । जिसीलाई ह्वीलचेयरमा राखेर डुलाउने र शरीर सञ्चालन निर्देशन पालना गराइएको छ । भण्डारीले मेयर जिसीमा निमोनिया भएको हुनसक्ने चिकित्सकले जनाएको उल्लेख गरे ।

हरेक दिन बिहान ९ बजे र बेलुका ४ या ५ बजे उपचारमा संलग्न डाक्टरले मेयर जिसीको स्वास्थ्य अवस्थाको ब्रिफिङ गर्ने गरेका छन् । उनले मेयर जिसीको दाहिने हर ठीक भएको र देब्रे हरमा असर गरे पनि विस्तारै चलेको जानकारी दिए । उनले मेयर जिसीलाई २ या ३ दिनमा नर्मल बेडमा सार्ने तयारी भएको बताए ।

उच्च रक्तचापले मस्तिष्कघात भएपछि मणिपाल शिक्षण अस्पतालमा पहिलो चरणको उपचार गरी मेयर जिसीलाई थप उपचारका लागि गत शुक्रबार हेलिकोप्टरबाट काठमाडौं लगिएको थियो ।

पोखरा महागनरपालिकाले मेयर जिसीको उपचारका लागि १० लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने भएको छ । मंगलबार बसेको कार्यपालिकाको ५१ औं बैठकले उनको उपचारको लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता धनबहादुर नेपालीले जानकारी दिए । उनले तत्कालको उपचार खर्च व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरेको जानकारी दिए । पोखरा महानगरपालिकाका कार्यवाहक मेयर मञ्जुदेवी गुरुङको अध्यक्षतामा बसेको बैठकले मेयर जिसीको स्वास्थ्य अवस्थाका बारेमा दैनिक नियमित सूचना प्रवाह गर्ने जिम्मेवारी महानगरपालिकाका प्रवक्ता नेपालीलाई दिने निर्णय गरेको छ । मेयर जिसीको शीघ्र स्वास्थ्य लाभको कामनासहित बैठकले मेयर जिसीको स्वास्थ्य लाभका लागि कामना गर्ने महानुभावका लागि सबै वडा कार्यालयमा स्वास्थ्य लाभको पुस्तिका राख्ने निर्णयसमेत गरेको छ ।

बैठकले मेयर जिसीको प्रारम्भिक उपचार गर्ने मेडिप्लस अस्पताल र मणिपाल अस्पतालका स्वास्थ्यकर्मीलाई धन्यवाद दिएको छ । बैठकले मेयर जिसीको स्वास्थ्यलाभको कामना गर्ने सबै राजनीतिकदल जनप्रतिनिधि, संघ, संस्था, कर्मचारी, पोखरेली नागरिक एवं शुभेच्छुकमा पनि धन्यवाद ज्ञापन गरेका छ ।

स्थगित भएको खोप लगाउने कार्यक्रमलाई तत्काल निरन्तरता दिन पोखरा महानगरपालिकाले आवश्यक पहल गर्ने निर्णय भएको प्रवक्ता नेपालीले बताए ।



## सम्पादकीय

# कमजोर भूमिकामा राजनीतिक दल

प्रतिनिधिसभाको पुनस्थापना गरेसँगै सर्वोच्च अदालतले नेपालको संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्री छान्न प्रतिनिधिसभाका सदस्यलाई ह्विप नलाग्ने व्याख्या गर्‍यो । अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रिक व्यवस्था परम्परागत संसदीय प्रणाली नभएको व्याख्या गरेको अदालतको त्यस्तो खालको स्थापित नजिरले संसदहरुको स्वतन्त्र हैसियत कायम गरी दिएको छ । स्वतन्त्र हैसियत स्थापित भएपछि उनीहरुले संसदीय ह्विप मान्न पर्ने जरुरी देखिएन । जसको कारण नेपाल कम्युनिस्ट पार्टी एमालेका केही सांसदहरु नेपाली कांग्रेसका संसदीय दलका नेता तथा प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासका मत हाल्न पुगे । विपक्षीको समेत मत पाएका प्रधानमन्त्री देउवाले संसदमा सुविधाजनक बहुमत पाए ।

नेपालको संसदीय इतिहासमा एकदलको सांसदले फ्लोर क्रस गर्ने र अर्को दललाई मत दिने कुनै नौलो विषय होइन । आफ्नै दलको सरकारलाई गिराएर अर्को दललाई सत्तामा पुर्‍याउने परिपाटी निकै हाबी भएका थिए । कुनै दलको सत्ता गिराउन तथा कुनै दललाई सत्तामा पुर्‍याउन संसदको किनबेच गर्ने संसदीय व्यवस्थामा विकृत अभ्यास नेपालमा वेला वेलामा भएका थिए । संसदमा कुनै पार्टीको प्रष्ट बहुमत नहँदाको अवस्थामा सत्ता समिकरणको क्रममा गैर राजनीतिक र संसदीय मुल्य मान्यता विपरितका काम हुने गरेका छन् । सर्वोच्च अदालतको प्रधानमन्त्री छान्न संसदलाई ह्विप नलाग्ने व्यवस्थाले संसदीय व्यवस्थाका गलत अभ्यासलाई मलजल पुगेको आभास भएको छ । जसको कारण नेपालको संसदीय व्यवस्थालाई नै असर पुगेको छ । विगतमा संसदमा देखिएको सुरा सुन्दरी काण्ड, थाइल्याण्ड भ्रमण जस्ता विकृत पक्ष फेरी आउन सक्ने देखिएको छ । नेपालका राजनीतिक दलहरुको भूमिका कमजोर भएको छ । दलहरु भूमिका विहिन भएर आफ्नै सांसदलाई नियन्त्रण गर्न सकेका छैनन् । फेरी पनि निर्दलिय व्यवस्था कुनै जस्केलाबाट छिर्न सक्ने देखिएको छ ।

नेपालका प्रमुख दुई कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्र बीचको चुनावी गठबन्धन र पार्टी एकताले संसदमा दुई तिहाई नजिक पुगेका थिए । संसदमा सुविधाजनक बहुमत पुगेपछि नेपालमा राजनीतिक स्थिरता र दिगो विकास हुने सबैले अपेक्षा गरेका थिए । पार्टी एकताले सरकार पुरै अवधी चल्ने आर्थिक समृद्धि र विकासका अभियानले सार्थक रुप पाउने जनताको अपेक्षा पुरा हुन सकेको छैन् । पार्टीमा देखिएको मतभेद तथा सर्वोच्च अदालतले साविककै दल कायम गरेपछि सरकार स्थित बन्न सकेन । संविधानको धारा ७६ (५)सम्बन्धी सर्वोच्चका व्याख्या नेपालको संसदीय अभ्यासमा अनौठो खालको छ । संसदहरुको स्वतन्त्र विवेकलाई सम्मान गर्ने नाममा दलिय अनुशासन नमान्ने र किनबेचको तहमा पुग्ने हो भने नेपालको संसदीय व्यवस्थानै कमजोर हुन्छ । नेपालका दलहरु जति कमजोर हुन्छन त्यति नै संघीय लोकतान्त्रिक गणतन्त्र समेत संकटमा पर्न सक्छ ।

# तानाशाह बन्न खोज्नेलाई अदालतले मात्रै गलहत्याउन सक्छ



गिडियन राकमन



गत साता दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति ज्याकोब जुमा जेल चलान भए । यो घटनाले एउटा आधारभूत तथ्यलाई अगाडि सारेको छ । त्यो के हो भने लोकतन्त्रको जीवन निष्पक्ष न्यायपालिकामा निर्भर हुन्छ ।

कानुनको बन्धनमा नबसी स्वेच्छाचारी शासन चलाउने आकांक्षा पालेका नेताका कारण अहिले अन्तर्राष्ट्रिय राजनीति विकृत बनेको छ । यस्ता कठोर शासकहरु तानाशाही मुलुकमा मात्र सिमित छैनन् । स्वतन्त्र निर्वाचन गराउने भारत, टर्की, ब्राजिल, इजरायल र आफूलाई 'स्वतन्त्र विश्वको नेता' भन्ने अमेरिकामा समेत यस्ता नेता पैदा भएका छन् ।

कठोर शासक सत्तामा टिकिरहन सफल हुन्छ कि उसलाई कुर्सीबाट गलहत्याइन्छ भन्ने कुरा न्याय प्रणाली भरपर्दो छ कि छैन भन्नेले निर्धारण गर्छ । शासकले अदालतको स्वतन्त्रतालाई समाप्त गर्न सक्यो भने लोकतन्त्रको विनाश, बेरोकटोक भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रतामाथि दमन गर्ने ढोका खुल्छ । तर, अदालतले दबाब थेग्न सक्यो भने राजनीतिक स्वतन्त्रता बाँच्ने सम्भावना रहन्छ ।

ज्याकोब जुमा शास्त्रीय किसिमका कठोर शासक थिए । उनको व्यक्तित्व चमत्कारी थियो, उनी भ्रष्ट थिए, संस्थाहरुप्रति उनलाई घृणा थियो । राष्ट्रपति छँदा उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग निकट सम्बन्ध कायम गरेका थिए । जुमा ट्रम्पको भाषामा बोल्थे, जातमा आधारित षड्यन्त्रका सिद्धान्तलाई बढावा दिन्थे र न्यायाधीशहरुको कुरा काट्थे ।

पपुलिस्ट नेताहरु आफूलाई असहज लाग्ने तथ्यलाई प्रायः भुटा खबर भनेर खारेज गर्ने गर्छन् । तर, अदालतमा भने सत्य र उत्तरदायित्वको महत्व अझै छ । जुमालाई सजायको फैसला गर्ने दक्षिण अफ्रिकाका कायममुकायम प्रधानन्यायाधीश सिसी काम्पेपेले भनेका छन्, 'कानुनको सार्वभौमिकताबाट कुनै पनि व्यक्तिले उन्मुक्ति वा छुट पाउँदैन । र, जुमा पनि यसको अपवाद होइनन् ।'

स्वतन्त्र न्यायपालिकाको महत्व कति छ, त्यो डोनाल्ड ट्रम्प र पुटिनको भाग्यमा देखिएको अन्तरले पनि पुष्टि गर्छ । लोकतन्त्रलाई नाश गर्ने ट्रम्पको प्रयासलाई एकपछि अर्को अदालतले असफल तुल्यायो । आफैँले नियुक्त गरेका सर्वोच्च अदालतका न्यायाधीशले सहयोग गर्ने ट्रम्पको आशा थियो । तर, तिनले समेत कानुन पालनाको बाटो रोजे ।

त्यसविपरीत जब पुटिनलाई चुनौती दिन अलेक्सेइ नाभाल्नी रुस फर्किए, उनलाई तुरुन्तै पक्राउ गरियो, मुद्दा चलाइयो र जेलमा कोचियो । पुटिनले चाहे भने रुसी अदालत जस्तोसुकै हास्यास्पद फैसला गर्न पनि हिच्किचाउँदैन ।

न्यायपालिका स्वतन्त्र हुँदा आफूलाई कति खतरा हुन्छ, कठोर शासक तथा तानाशाह बन्न चाहनेहरुलाई राम्रोसँग थाहा छ । सी चिनफिङ सत्तामा आउनुअघि थुप्रै उदार चिनियाँलाई विश्वास थियो- कुनै दिन चीनको न्यायप्रणाली कम्युनिस्ट पार्टीबाट स्वतन्त्र हुन सक्छ । तर, उनीहरुको त्यो आशा समाप्त भयो । चीनका प्रधानन्यायाधीश चाउ चियाङले २०१७ मा 'न्यायिक स्वतन्त्रता' पश्चिमा अवधारणा भएको भन्दै त्यसले 'कम्युनिस्ट पार्टीको नेतृत्वमाथि खतरा पैदा गर्ने' बताए ।

तानाशाही व्यवस्था निर्माणका लागि स्वतन्त्र न्यायपालिकाको विध्वंस अत्यन्त महत्वपूर्ण हुन्छ । त्यसैले नै पोल्यान्ड र हंगेरीमा भइरहेको न्यायिक 'सुधार' प्रति युरोपेली संघ यति धेरै चिन्तित छ । टर्की, भारत, ब्राजिल र इजरायल जस्ता मुलुकको राजनीतिक भविष्य पनि त्यहाँका नेताहरुको तानाशाही प्रवृत्तिलाई रोक्न अदालत सक्षम हुन्छ कि हुँदैन भन्नेमा निर्भर छ । यी चारै लोकतान्त्रिक मुलुकले त्यस्ता कठोर नेतालाई निर्वाचित गरेका छन्, जो लोकतान्त्रिक नियन्त्रण र सन्तुलनप्रति घृणा प्रकट गर्छन् ।

> **न्यायपालिकाको स्वतन्त्रता गुम्यो भने नेताहरुलाई भ्रष्टाचार वा अख्तियार दुरुपयोगमा उत्तरदायी ठहर्‍याउन असम्भव हुन जान्छ ।**

इजरायलमा न्याय प्रणालीले सशक्त अडान लियो र बेन्यामिन नेतन्याहु प्रधानमन्त्री हुँदाहुँदै पनि उनीविरुद्ध भ्रष्टाचार अभियोगमा सुनुवाइ अघि बढ्यो । अहिले उनले पद गुमाएका छन् ।

ब्राजिलमा पनि अदालतको जिम्मेवारी महत्वपूर्ण देखिन्छ । किनभने अर्को वर्ष राष्ट्रपति जायर बोल्सोनारोले चुनावमा हार्दा पनि ट्रम्पले झैँ धाँधलीको आरोप लगाउने सम्भावना ज्यादा छ । भाग्यवश, ब्राजिलको न्यायप्रणाली बलियो र राजनीतिक रुपले स्वतन्त्र छ । पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई अदालतले पहिले भ्रष्टाचार आरोपमा जेल चलान गर्‍यो र हालै मुक्त गरिदियो । दुवै फैसला विवादास्पद थिए । तर, बिनाकुनै राजनीतिक दबाब ती फैसला आएका थिए ।

त्यसविपरीत टर्कीमा पछिल्ला वर्षहरुमा न्यायिक प्रणालीमाथिको आक्रमण बढ्दो छ । सन् २०१७ को असफल कूपछि हजारौँ न्यायाधीश र सरकारी वकिललाई या त जेल हालियो, या अपदस्थ गरियो । अहिले पनि स्वतन्त्र निर्वाचन त हुन्छ तर सफल विपक्षी नेता जेल पर्न सक्छ, नभए पनि उसले मुद्दा खेप्नुपर्ने हुन्छ ।

अर्कोतिर, भारतीय अदालत मोदी सरकारको तानाशाही प्रवृत्तिलाई रोक्न असफल भएको छ । गत साता ८८ वर्षीय मानवअधिकारवादी स्टान स्वामीको जेलमै मृत्यु भयो । उनलाई अविश्वसनीय रुपमा आतंकवादको आरोप लगाइएको थियो र अनेक पटक प्रयास गर्दा पनि जमानत दिइएको थिएन । यसले भारतीय न्यायप्रणालीको असफलतालाई उजागर गर्छ । कतिपय वरिष्ठ न्यायाधीश नै सत्तारुढ दलसँग नजिक रहेको आरोप लाग्ने गरेको छ ।

न्यायपालिकाको स्वतन्त्रता गुम्यो भने नेताहरुलाई भ्रष्टाचार वा अख्तियार दुरुपयोगमा उत्तरदायी ठहर्‍याउन असम्भव हुन जान्छ । जुमा ९ वर्ष सत्तामा रहँदा भ्रष्टाचारमा व्यापक वृद्धि भयो । शक्तिशालीहरुले 'राज्य कब्जा' गरे । जसको मूल्य दक्षिण अफ्रिकाले अर्थतन्त्र, पूर्वाधार र साख गिराएर तिर्यो । जुमा जेल गएसँगै पुनर्निर्माण सुरु हुन सक्छ ।

दक्षिण अफ्रिकाको लोकतन्त्र कलिलै छ । त्यसमाथि मुलुकमा गहिरो सामाजिक र आर्थिक विभाजन छ । त्यसैले जुमा र उनका समर्थकबाट हुने आक्रमण न्यायपालिकाले झेल्न सक्छ भन्ने कुनै ग्यारेन्टी छैन । तसर्थ जुमा जेलमा हुनु भनेको मुलुकको न्यायप्रणालीको दृढताको परिचायक पनि हो । यो घटना कष्ट झेलिरहेका अन्य लोकतन्त्रका लागि पनि प्रेरणा बन्नुपर्छ । (फाइनान्सियल टाइम्समा प्रकाशित राकमनको लेख नेपाल खबरडटकमले भाषान्तर गरेको हो)

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, वर्षर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल श्रावण ७ गते विहिबार नेपाल सम्बत ११४१ दिल्लाथ्व, सन् २०२१ जुलाई २२ तारिक शुक्लपक्ष त्रयोदशी तिथि मध्यान्ह १२ वजेर २ मिनेटसम्म, मूल नक्षत्र अपरान्ह ३ वजेर ५७ मिनेटसम्म, ऐन्द्रियोग, तैतिलकरण, आनन्दादियोग धूम्र, सूर्य कर्कट राशिमा, चन्द्रमा धनु राशीमा ।


## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ समयले साथ नदिने, खर्च वृद्धि, मनमा अशान्ति बढ्नेछ ।
- **वृष** ▪ लगनशिल भई गरेका अधिकाँश काम सफल हुनेछन् ।
- **मिथुन** ▪ विवादित कुराको टुंगो लाग्ने, भेटघाट बढ्नेछ ।
- **कर्कट** ▪ सफलताका सिढि चढ्नलाई लगनशिलता बढाउनु होला ।
- **सिंह** ▪ व्यापारबाट आम्दानीको तुलनामा खर्च बढि हुनेछ ।
- **कन्या** ▪ पूर्वान्ह अनुकुल छ समयको सदुपयोग गर्नु होला ।
- **तुला** ▪ समय विस्तारै अनुकुल बन्दै, वित्तिय क्षेत्रमा सुधारका संकेत ।
- **वृश्चिक** ▪ समयमा गरेका काम सफल, विचारमा परिवर्तन आउनेछ ।
- **धनु** ▪ दिन त्यति अनुकुल देखिदैन, स्वागत सत्कारमा धन खर्च हुनेछ ।
- **मकर** ▪ दिनको अधिकाँश समय अनुकुल, साँझपख खर्च वृद्धि ।
- **कुम्भ** ▪ लगनशिल भई महत्वकाँक्षी नबनि गरेका काम सफल ।
- **मीन** ▪ अबरुद्ध योजना अगाडि बढ्ने, वित्तिय कारोवारमा सुधार ।

# कसले कोरोनाविरुद्धको खोप नलगाउने ?



कोरोना विरुद्धको खोप कसले लगाउने र कसले नलगाउने भन्ने अन्योल छ । १८ वर्ष माथिका सबै व्यक्तिले खोप लगाउन मिल्छ तर केही अवस्थामा यो लगाउन मिल्दैन । निम्न अवस्थामा व्यक्तिले कोरोना विरुद्धको खोप लगाउन हुँदैन :

१. १८ वर्षभन्दा कम उमेरका व्यक्ति
२. खोपको पहिलो मात्रा लगाएपछि एनाफाइलेक्सिस् प्रतिक्रिया (गम्भीर एलर्जी) भएका व्यक्ति
३. यो खोपको कुनै तत्वबाट गम्भीर प्रकारको प्रतिक्रिया वा एनाफाइलेक्सिस् भएका व्यक्ति
४. पहिला अन्य कुनै खोप, सुई, औषधि वा खानेकुराबाट गम्भीर प्रकारको प्रतिक्रिया भएको व्यक्ति
५. हाल गम्भीर बिरामी भएको वा उच्च ज्वरो आएको व्यक्तिले निको नहुञ्जेल
६. कोभिड १९ का लागि मोनोक्लोनल एन्टीबडी वा कन्भाल्सेन्ट प्लाज्मा थेरापी उपचार विधि अपनाएका व्यक्तिले ९० दिनपछि खोप लगाउन मिल्छ
७. कोरोना संक्रमितले संक्रमणमुक्त भएको ३० दिनपछि खोप लगाउन मिल्छ

यी अवस्था भएका व्यक्तिबाहेक बाँकी सबैले आफ्नो पालो आउँदा खोप लगाउनुपर्छ । खोप लगाउनुअघि आफ्नो रोग र आफूले सेवन गरिरहेको औषधिबारे स्वास्थ्यकर्मीलाई जानकारी गराउनुपर्छ ।

–प्रेरक प्रसंग–

# रिस नियन्त्रण गर्ने तरिका



एउटा मान्छेलाई सानोसानो कुरामा पनि खुब रिस उठ्ने गर्थ्यो । उसको यही रिसको कारणले गर्दा उसका आफन्त अनि साथीभाइहरु बिस्तारै ऊबाट टाढिन थाले । यो कुराको महसुस उसले पनि गरेको छ तर पनि आफ्नो बानीबाट ऊ मजबुर थियो । यसरी जिन्दगी त सधैं चलन सक्दैन भन्ने महसुस गर्दै एकदिन एकाबिहानी ऊ नजिकैको मनोचिकित्सकसँग जचाउन भनेर गएछ ।

उसले सबै कुरा सुनिसकेपछि त्यो मनोचिकित्सकले उसलाई आधा घण्टासम्म हातको 'मुठी कस्ने अनि छोड्ने, मुठी कस्ने अनि छोड्ने' गर्न भने । मनोचिकित्सकको सल्लाह बमोजिम उसले सकिनसकी आधा घण्टासम्म मुठी कस्ने अनि छोड्ने गर्‍यो । फेरि मनोचिकित्सकले उसलाई अर्को आधा घण्टा मुठी कस्ने अनि छोड्ने गर्न भने । तर यसपटक भने उसले मनोचिकित्सकसित शंकालु नजरले हेर्दै प्रश्न गर्न थाल्यो, 'डाक्टरसाब, यो मुठी कस्ने छोड्ने गर्दा के मेरो झनक्क रिसाउने बानीलाई फाइदा गर्ला र ?'

उसको कुरा सुनेर त्यो मनोचिकित्सकले आफ्नो कुरा राख्न थाल्यो, 'एकदमै फाइदा गर्ने छैन । तर जसरी तिमीले चाहेको बेला मात्र हातका औंलाहरु मुठी कसिने अनि तिमीले चाहेको बेला खुला हुने गरेका छन् त्यसरी नै तिम्रो रिसमा पनि तिमीले नियन्त्रण गर्नुपर्छ ।' चिकित्सकले उसलाई राम्रोसँग बताइदिए कि हातका औंला जसरी नै रिस नियन्त्रण पनि उसैले गर्नुपर्छ । 'जबजब तिमीलाई रिस उठ्न थाल्दछ, त्यतिबेला तिमीले मलाई प्रश्न गरे जस्तै आफैलाई प्रश्न गर्नु कि के यो रिसले मलाई फाइदा हुन्छ त ?' चिकित्सकले भने ।

विज्ञान

# शङ्ख भनेको के हो र यो कहाँ पाइन्छ ?

पूजा गर्दा बजाइने शङ्ख र जुवा खेल्ने कौडी वास्तवमा समुद्री जनावरका बाहिरी खोल हुन् ।

शङ्खे कीरा चिप्ले किरा जस्तै हुन्छ । यसको हाड हुँदैन । यसले आफ्नो बचावटका लागि आफ्नै र्‍यालले एक प्रकारको कडा बोक्रा जस्तो खोल बनाउँछ । यसलाई कुनै प्रकारको आपत्ति आइपर्‍यो भने त्यही खोलभित्र लुक्दछ । यही खोललाई नै शङ्ख भनिन्छ । यसलाई शङ्खे कीराको घर भने पनि हुन्छ । शङ्खे कीरा धेरै प्रकारका हुन्छन् । हामी बगैंचामा





पनि शङ्खे कीरा देख्दछौं । यसको पनि शङ्ख हुन्छ र यसलाई छोयो भने प्याट्ट फुट्छ । तर हामीले पूजामा बजाउने शङ्ख एकदम कडा हुन्छ । यस शङ्खलाई कोन्च भनिन्छ । यो समुन्द्रमा पाइने एक प्रकारको शङ्खे किराको खोल हो ।

*(डा. तीर्थबहादुर श्रेष्ठ र विमललाल श्रेष्ठले लेखेको एवं नेपाल प्रज्ञा प्रतिष्ठानले छापेको 'बाल–विज्ञान प्रश्नोत्तर' पुस्तकबाट)*


**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

**वर्गीकृत विज्ञापन डिस्प्ले**

**आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!**
यस **पोखरा अस्पताल प्रा.लि.**का लागि निम्न कर्मचारीहरु आवश्यक परेकाले योग्यता पुगेका ईच्छुक उम्मेद्वारहरूले आवेदन दिनुहुन जानकारी गराईन्छ ।
१. ICU / Post – op नर्स - २
(BN/PCL Nursing) Mininum 1 year experience in ICU/Post–op
आवेदन दिने अन्तिम मितिः २०७८/०४/१५ गतेसम्म
अन्तर्वार्ताको मिति र समय फोनबाट जानकारी गरिनेछ।
सम्पर्क :
**पोखरा अस्पताल प्रा. लि.**
ईन्द्रचोक, पोखरा - १०, फोन नं - ०६१-५२८२४३, ५२१९२४

**सवारी चालक आवश्यकता**
तनहुँको शुक्लागण्डकीमा अवस्थित एक प्रतिष्ठित कम्पनीकालागि निम्न सवारी चालक आवश्यक परेकाले तुरुन्त सम्पर्क गर्नुहोला ।
स्काभेटर अपरेटर-२ जना
ट्रिपर चालक-२ जना
जेसिभी चालक-१ जना
निजि चालक-१ जना
सम्पर्कः
९८१६१०८७९८, ९८१७१२९७७५
काम नहुँदा खान र बस्ने व्यवस्था छ ।

**१ सटर र फ्ल्याट भाडामा**
न्युरोड, माछापुच्छ्रे बैंकको माथिल्लो गल्ली २०० मि. भित्रको मेन बाटोमा, चिप्लेढुंगा सब्जी मण्डी जाने बाटोको चोकमा १ वटा सटर दोकानको लागि एवं २ कोठा अलगसहितको ठूलो हल अफिस, सहकारी आदिको लागि खाली छ ।
सम्पर्क नं.:
९८५६०३६५५१, ९८४६५६४९४९

**सम्पूर्ण कर सेवाहरु हजुरको घर / अफिस बाटै**
हाम्रो सेवाहरुः
- आयकर कर विवरण र कर दाखिला ।
- मू.अ. कर विवरण र कर दाखिला ।
- अग्रिम कर कट्टी विवरण र कर दाखिला ।
- लेखा सेवा तथा वित्तीय विवरण तयारी ।
- कर सम्बन्धित प्रशिक्षण तथा परामर्श सेवा ।
- दर्ता तथा नवीकरण सेवा ।
ATA ADVISORS (P) LTD.
Zero KM-05, 061-550449, 9804114200

**तु-आवश्यकता**
W.I. Office को लागि
साधारण- ४ जना
SEE- ५ जना
+2 above- ३ जना
तलब : 13500 देखि 19500
Contact :
9806544029
9846060585

**जग्गा बिक्रीमा**
सिमलचौर-८ मा २२ हात मोहडा, ७० हात पिछाड र बैदाम-६ मा १२ आना **जग्गा बिक्रीमा** छ ।
सम्पर्कः
बिमल थापा
9856000566

**फ्ल्याट भाडामा**
१० कोठा बराबरको स्पेश भएको पहिलो तल्ला भाडामा ।
स्थान :
पर्स्याङ, बागलुङ हाइवे
सम्पर्क :
9856002616

**कर्मचारी आवश्यकता**
नयाँ अफिसको लागि
साधारण : ३ जना
SEE : ५ जना
+2 above : २ जना
तलबः ७५०० देखि १८,०००।- सम्म
सुविधाः दैनिक गाडीभाडा+ मासिक बोनस
सम्पर्कः 9815157802, 9825126111, 9846057770



तनहुँको भिमाद नगरपालिका-९ मोहरियास्थित 'घाङ्च ल्हुम (अग्लो ढुङ्गा) मा निर्माण गरिएको उद्यान। गण्डकी प्रदेश सरकारको सहयोगमा यहाँ पूर्वाधार निर्माण गर्न लागिएको छ। तस्बिर :रासस

# अस्पताललाई मनपरी शुल्क नलिन आग्रह

**समाधान संवाददाता**
पोखरा, ५ साउन

**सरकारीको तुलनामा निजीमा अक्सिजन सिलिन्डर महँगो पर्ने**

कोभिड १९बाट सिर्जित वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न बनेकोप्रदेश स्तरीय परामर्श तथा अनुगमन समितिलेकोभिड १९का बिरामीको उपचारका बारेमा निजी अस्पतालसँग छलफल गरेको छ।

ती अस्पतालले सरकारले बिरामीलाई तोकेकोभन्दा बढी शुल्क लिएको गुनासोलाई मध्यनजर राख्दै छलफल चलाएको अनुगमन समिति संयोजक तथा आयोगका गण्डकी प्रदेश निर्देशक चन्द्रकान्त चापागाईले बताए। उनले नेपाल सरकारले तोकेका कोभिड अस्पतालहरु सरकारको नीति, नियमभन्दा बाहिर जान नमिल्ने सुझाव दिएको उल्लेख गरे।

निर्देशक चापागाईले स्वास्थ्य सेवा विभागले निजीले सरकारले तोकेको भन्दा ५० प्रतिशतभन्दा बढी शुल्क लिन नपाउने तर्क गरे। 'सबै कोभिड अस्पताल जिम्मेवार र जवाफदेही भएर सरकारको नीति, नियम अनुसार चल्नु पर्छ,'उनले भने, 'स्वास्थ्य जस्तो संवेदनशील विषयमा अस्पतालहरु गम्भीर बन्नु पर्छ। सरकारको नियमको अवज्ञा गर्नु हुँदैन।' निर्देशक चापागाईले कोभिड अस्पतालले सरकारबाट पाउनुपर्ने अनुदान तथा सेवा, सुविधा नपाएको भए समितिको तर्फबाट पहल गर्ने उल्लेख गरे। उनले कतिपय अस्पतालले कर्मचारीको कोरोना बिमाको रकम आफैं राखेको उजुरी आएको सुनाए।उनले कोभिड १९ को तेस्रो भेरियन्टको सम्भावनालाई मध्यनजर राख्दै आवश्यक तयारी गर्नसमेत सुझाव दिए। अनुगमन समितिका सदस्य तथा इन्सेक गण्डकी संयोजक शिव खकुरेलले गण्डकी मेडिकल कलेज र चरक अस्पताल व्यवस्थापनसँग कोभिड १९ का बिरामीको उपचार शुल्कको विषयमा अन्तर्क्रिया गरेको बताए।संयोजक खकुरेलले नेपाल सरकारले तोकेकोभन्दा बढी शुल्क नलिनका लागि अनुरोध गरेको जनाए।

गण्डकी मेडिकल कलेजका कार्यकारी निर्देशक डा टुमाया घलेले कोभिड अस्पतालका लागि सरकारले दिने अनुदान तथा सेवा, सुविधा प्राप्तिमा कठिनाई भएको बताइन्। उनले अस्पतालले बिरामीका लागि दिने सेवा, सुविधामा कुनै कमजोरी हुन नदिएको दाबी गरिन्। चरक अस्पतालका प्रशासन प्रमुख प्रदीप शर्माले सरकारले दिने भनेको अनुदान नदिएको गुनासो गरे। उनले सरकारीको तुलनामा निजीमा अक्सिजन सिलिन्डर महंगो पर्ने तर्क गरे। यसैबीच, राष्ट्रिय मानव अधिकार आयोगको संयोजनमा बनेको समितिले सेवाग्राहीमा कोभिड १९ विरुद्धको खोप लगाउन जाँदा अर्को संक्रमण हुने सम्भावनाप्रति सचेत गराएको छ। समितिका संयोजक चपागाईले पोखरा महानगरपालिका भित्रका खोप केन्द्रअव्यवस्थित र सेवाग्राहीको भिडभाड बढी भएकाले सामाजिकदुरी कायम नहुँदा संक्रमणको जोखिम औंल्याएका हुन्।

उनले खोपको मात्राभन्दा खोप लगाउन आउने मानिसको संख्या धेरै हुँदा अनाहकमा सास्ती व्यहोर्नुपरेको उल्लेख गरे। संयोजक चापागाईले खोप लगाउने लक्षित समूहलाई कुपनको व्यवस्थापन, समय तालिका निर्धारणदेखि सुरक्षाकर्मी, स्वंयसेवक परिचालन गरीव्यवस्थापन गर्न सरकारी निकायलाई सुझाव दिए।

## लायन्सको वृक्षरोपण

लेखनाथ, ५ साउन (समाधान)- लायन्स क्लब अफ पोखरा लेखनाथको वार्षिक कार्यक्रम अन्तरगत मंगलबार पोखरा २७ को ठूलीपोखरी पार्कमा विरुवा रोपिएको छ। हरिशयनी एकादशीको अवसरमा क्लबले पार्कवरपर तुलसीको मठ निर्माण गरी तुलसीसहित बिभिन्न जातका विरुवा लगाएको हो।

पार्कमा आउनेहरुका लागि बस्ने बेन्च र फोहोर संकलनका लागि डस्टबिनसमेत राखिएको छ। कार्यक्रममा लायन्स वेलफेयर बैंकका प्रमुख मिलन थापाले वातावरण संरक्षणदेखि विश्वव्यापी रुपमा फैलिएको कोराना रोकथामका लागि खोप अभियानमा लायन्स क्लबले सहयोगीको भूमिका निर्वाह गर्नुपर्ने बताइन्। लायन्स क्लब अफ पोखरा लेखनाथका अध्यक्ष घनश्याम ढुंगानाको अध्यक्षतामा भएको कार्यक्रममा कलस्टर प्रमुख मधुसुधन कोइराला, क्लबका संस्थापक अध्यक्ष हरि बस्ताकोटी, स्थानीय भरत कुवँर, ठूलीपोखरी टोल विकास संस्थाका अध्यक्ष दिननाथ पौडेल र लेखनाथ क्लबका अध्यक्ष बालगोपाल श्रेष्ठ, क्लवका सचिव अर्जुन भुजेल र प्रथम उपाध्यक्ष आनन्द बजगाईले बोलेका थिए।

# 'सरोकारवालाको समन्वयमा योजना छानौं'

**समाधान संवाददाता**
पोखरा, ५ साउन



गण्डकी प्रदेशसभा कास्की क्षेत्र नम्बर २ (१)को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यालयले सोमबार निर्वाचन क्षेत्रका विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउन सरोकारवालासँग छलफल चलाएको छ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रवक्ता तथा शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काले कास्कीको समग्र विकास, निर्माणका कामलाई सरोकारवालाको समन्वयमा अगाडि बढाउने प्रतिवद्धता गरे। निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतका योजना सरोकारवालासँगको समन्वयमा छनोट गर्नुपर्ने उल्लेख गर्दै मन्त्री खड्काले कार्यक्रमको निर्देशिका अनुसार योजना सञ्चालन गर्नुपर्नेमा जोड दिए।

उनले कार्यक्रमका योजनाको अनुगमन पक्षलाई सुदृढ बनाउनुपर्ने उल्लेख गरे। 'गण्डकी प्रदेश सरकारमा योभन्दा पहिले कास्कीले मन्त्री बन्ने अवसर पाएको थिएन,' उनले भने, 'प्रदेशमा कास्कीको तर्फबाट प्रतिनिधित्व गर्ने अवसर पाएको छु। आगामी दिनमा सरोकारवालाको समन्वयमा विकास, निर्माणका कामलाई अगाडि बढाउनेछु।' उनले प्रदेशका संस्थागत रुपमा खोलिएको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यालयले विकास निर्माणका कार्यक्रमलाई व्यवस्थित रुपमा अगाडि बढाउन सहयोग पुग्न विश्वास व्यक्त गरे।

गण्डकी प्रदेश सभाका सदस्य कृष्ण थापाले पोखरा १७ ड्यामसाइडमा खोलिएको कार्यालयबाट निर्वाचन क्षेत्रका विकास निर्माणको कामलाई अगाडि बढाएको जानकारी दिए। उनले निर्वाचन क्षेत्रको विकास, निर्माणका कामको सूचना कार्यालयबाट पाइने बताए। उनले निर्वाचन क्षेत्र पूर्वाधार विकास तथा वार्षिक विकास कार्यक्रम (रातो किताब)मा समाबेस भएका कास्की निर्वाचन क्षेत्र नम्बर २ (१) योजना सबै सरोकारवालालाई जुटाएर सार्वजनिक गरेको उल्लेख गरे।

# गुम्बाफेदी-चापापानी सडक निर्माण

**समाधान संवाददाता**
पोखरा, ५ साउन

पोखरा १२ माटेपानी गुम्बाफेदीदेखि चापापानी कुवासम्मको सडक निर्माण भएको छ। यातायात पूर्वाधार निर्देशनालय कास्कीको बजेट र पोखरा महानगरपालिकाको साझेदारीमा सडक, वाल, नाला र ३ सय मिटर सडक पिच बनेको छ।

६२ लाख ७८ हजार १८ रुपैयाँ लागत रहेकोमा यातायात पूर्वाधार निर्देशनालय कास्कीबाट ५६ लाख ५० हजार २ सय १७ र उपभोक्ताबाट ६ लाख २७ हजार ८ सय १ खर्च भएको छ। योजना २०७८ वैशाख ३ गते सम्झौता भएकोमा भोलिपल्टैबाट निर्माण थालिएको थियो। निर्माण कार्य असार ३० गते सकिएको हो। योजना निर्माण समिति अध्यक्ष ऋषिराम लामिछानेले योजनाको आम्दानी तथा खर्चको विवरण सार्वजनिक गरे। उनले योजना सम्पन्न नभएसम्म खटिरहेका स्थानीय उपभोक्त एवं निर्माण समितिका पदाधिकारीलाई धन्य

पोखरा १२ का वडाध्यक्ष रामबहादुर कार्कीले अब यो सहकलाई नमुना बनाउन वडा कार्यालय लाग्ने बताए। कार्यक्रममा इन्जिनियर नगेन्द्र सुवेदी, समाजसेवी दानबहादुर बस्नेत, निर्माण समिति सचिव पूर्ण भुजेल लगायतले बोलेका थिए।


## शिक्षक आवश्यकता

यस **श्री जनकल्याण आ.वि. घरपझोङ–३ स्याङ, मुस्ताङ**का लागि रिक्त दरबन्दी अन्तर्गत **अस्थायी करार शिक्षक आवश्यकता** परेको हुँदा तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

**तपशिलः**

| | |
|---|---|
| **पद** | : **नि.मा.वि. तृतीय श्रेणी, करार शिक्षक** |
| **आवश्यक संख्या** | : १ (एक) |
| **विषय** | : (नि.मा.वि. गणित विज्ञान) |
| **योग्यता** | : सम्वन्धित विषयमा आईएड, आईएस्सी वा सो सरह उतिर्ण। |

*(माथिल्लो योग्यता र कम्प्युटर सम्वन्धि ज्ञान भएकोलाई विशेष ग्राह्यता दिईने )*

| | |
|---|---|
| **उमेर** | : १८ वर्ष पुरा गरी ४० वर्ष नघाघेको हुनुपर्ने छ। |
| **तलब स्केल** | : नेपाल सरकारले तोके बमोजिम। |
| **दरखास्त दस्तुर** | : रु.२०००।– ( दुई हजार ) |
| **दरखास्त दिने मिति** | : २०७८।०४।०६ गतेदेखि २०७८।०४।२० गतेसम्म |
| **दरखास्त दिने स्थान** | : जनकल्याण आ.वि घरपझोङ–३ स्याङ, मुस्ताङ |
| **आवश्यक कागजात** | : नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमती पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु प्रतिलिपी, अनुभवको प्रमाणपत्र प्रतिलिपी |
| **परिक्षाको किसिम** | : लिखित, अन्तरवार्ता र प्रयोगात्मक |
| **परिक्षाको मिति** | : दरखास्त दिने अन्तिम मितिका दिन तोकिने छ। |

**नोट:** *मयाद नाघी आएका र रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन।*

**सम्पर्क नम्बर :९८४७६३८०६२ / ९८५७६५००४९**
**जनकल्याण आ.वि. घरपझोङ–३ स्याङ, मुस्ताङ**


## सचेतनासहित राहत

पोखरा, ५ साउन (समाधान)– चिल्ड्रेन नेपालले कोभिड १९ को महामारीबाट रोजगार गुमाएका दलित तथा विपन्न बालबालिकाका ७७ परिवारका ३ सय ४३ सदस्यललाई राहत दिएको छ। संस्थाले पोखरा ५ का वडाध्यक्ष र सदस्यबाट सिफारिस ४ परिवारका १५ सदस्यलाई पनि कोभिड १९ बारे जनचेतनासहित खाद्यान्न, औषधी र कोभिड सुरक्षा सामग्री वितरण गरेको छ। परिवार संख्या अनुसार सबै परिवारलाई १ महिनालाई पुग्ने खाद्यान्न वितरण गरिएको हो। पोखरा महानगरपालिकाका प्रवक्ता धनबहादुर नेपालीले समाजका विसंगति र कुलतसँगसँगै महामारीसँग लड्नुपरेको बताए। उनले वडा कार्यलयसँग सहकार्य गरेकोमा संस्थालाई धन्यवाद दिए।

पोखरा ५ की वडा सदस्य हरिमाया विकले चिल्ड्रेन नेपालले विपन्न परिवारलाई गरेको सहयोगले महामारीबाट सिर्जित समस्या समाधान गर्न सहयोग पुगेको बताइन्। चिल्ड्रेन नेपालका कार्यकारी निर्देशक रामचन्द्र पौडेलले संस्थाले विपन्न बालबलिकाका र तिनका परिवारका लागि शिक्षा, स्वास्थ्य, रोजगारीसहित महामारीमा जीवन रक्षाका लागि काम गरिरहेको बताए। बालिका विष्णुमाया विकले बालबालिकालाई सचेतनासहि राहात दिएकोमा धन्यवाद दिइन्। संस्थाका सचिव जयन्द्र भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा सहसंयोजक रमेश सुवेदीले पनि बोलेका थिए।

# कोलकातामा भानुजयन्ती

**समाधान संवाददाता**
पोखरा, ५ साउन

नेपाली जनकल्याण समिति, दासनगर-५, हावडा, कोलकाताको आयोजनामा २ सय ८ औं भर्चुअल भानु जयन्ती धर्मराज बरालको अध्यक्षतामा भानुभक्तीय रामायणका पद्यांश तथा अन्य कविबाट पद्य एवं गद्य कविता वाचन गरी सम्पन्न भएको छ।

कार्यक्रममा ८९ वर्षीय जेष्ठ कवि मायादेवी अर्याल, प्रह्लाद पोखरेल, डा. बमबहादुर जिताली, डा. शैलेन्दुप्रकाश नेपाल, खोलाघरे साहिँलो, मुरारी सिग्देल, देवेन्द्र केसी, वीरबहादुर लोहनी, ध्रुव पौडेल, सूर्यकुमार पण्डित, गिरिराज जोशी, टेकबहादुर लौडारी, चन्द्रमणि अधिकारी, सूर्यवदना पण्डित लगायतले भानुभक्तका रचना तथा आआफ्ना पद्य रचना एवं टीकाराम गोपाल भित्रीकोटी, अनुपकुमार भेटुवाल, डा किस्मत भण्डारी (क्यानडा), बीरबहादुर लोहनी, टेकबहादुर लौडारी, रमा शर्मा पौडेल, शिलु शर्मा, चित्रा पौडेल लगायतले ।- आफ्ना गद्यकविता वाचन गरे। कवि राजेन्द्र गुरागाईंले बंगाली भाषामा भानुसम्बन्धी कविताबाचन गरे।

कवि ऋषभदेव घिमिरेले संयोजन सञ्चालन गरेको सो कार्यक्रममा समितिका प्रमुख सल्लाहकार धर्मराज बरालले समितिले करीब २० वर्षदेखि भानुजयन्ती लगायतका कार्यक्रम गरी नेपाल र भारत तथा नेपाली र भारतीय नेपालीलाई जोड्ने तथा एकता गराउने महत्वपूर्ण भूमिका खेलेको बताए। 'कुनै पनि कार्यक्रम गर्दा कोलकत्तामा रहेका नेपाली समुदायमा एकताको भावना जागृत हुन्छ र भव्यतापूर्वक कार्यक्रम सम्पन्न हुन्छ,' उनले भने, 'एम्बुलेन्स सञ्चालन, बिमारीको उपचार, रक्तदान, चाड पर्वका कार्यक्रम, सामाजिक सेवामा एकताको भावना कोलकत्तामा पाइन्छ।'

कोलकातामा नेपाली भानुभक्त-रवीन्द्रनाथ टेगोर सांस्कृतिक भव्य भवनको आवश्यकता रहेको उनले औंल्याए। समितिका अध्यक्ष बद्रीविक्रम थापा र नरविक्रम थापा, महासचिव रामबहादुर कार्कीले समितिले कोलकातामा नेपाली समुदायबीच साहित्य, संस्कृति तथा मानवीय कार्य गरिरहेको जानकारी दिए।

भानु प्रतिष्ठानका अध्यक्ष प्राडा व्रतराज आचार्यले आदिकविको भूमिका तथा कोलकाता र नेपालको साहित्यिक सम्बन्धबारे प्रकाश पारे। कवि एवं अनुवादक युयुत्सु आरडी शर्मा, नारायण हुमागाईं, रामायण धमला, तिलकराम शर्मा, दिलीप थापा, मानबहादुर श्रेष्ठ, एवं प्रा मोहन सिटौलाले अमेरिकामा रहेका नेपालीको तर्फबाट कोलकातामा साहित्य र सामाजिक सेवाको चेतनाको विकास भएकोमा हर्ष व्यक्त गर्दै आगामी दिनमा धेरै धेरै विकास होस् भन्दै कार्यक्रमलाई शुभकामना दिएका थिए।






## घरपझोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

## कृषि अधिकृत करारमा लिने सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति २०७८/०४/०६ गते)*

यस घरपझोङ गाउँपालिकाको कृषि शाखाको लागि खुला प्रतियोगिताको माध्यमबाट कृषि अधिकृत करारमा पदपूर्ति गर्नु पर्ने भएकोले कृषि सेवा अन्तर्गत एग्री एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एग्री इको. एण्ड मार्केटिङ्ग र स्वायल साइन्स समूह तर्फको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तोकिएको दस्तुर तिरेको सक्कलै रसिद वा यस कार्यालयको नेपाल बैक लिमिटेडमा रहेको ग.१.१ घरपझोङ गा.पा. आन्तरिक राजश्व खाता नं. ०६८०३००००००१००१००००००१ मार्फत तिरेको दस्तुरको सक्कलै भौचार संलग्न राखी यस कार्यालयमा दरखास्त दिनु हुन सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं | पद, तह | संख्या | परिक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | ०१/०७८-०७९ | कृषि अधिकृत, छैटौं तह | १ | १०००।- |

**पद : कृषि अधिकृत**

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र दरखास्त संग पेश गर्नु पर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
२. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित समुहको लागि आवश्यक पर्ने
विषयहरु लिई BSc. Agriculture वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्रहरुको प्रतिलिपि।
३. २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
४. सम्बन्धित क्षेत्रमा अनुभव भएकालाई ग्राहयता दिइनेछ।
५. प्रचलित कानून बमोजिम दरखास्त दिन अयोग्य नठहरिएको।

**२. दरखास्त दिने स्थानः** घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ उम्मेरदवारले यस कार्यालयको ई-मेल ठेगाना gharapjhongrmunicpality@gmail.com मार्फत पनि दरखास्त दिन सक्नेछन्। रित नपुगी आएका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७८/०५/०३ गतेसम्म कार्यालय समयभित्र।

**४. दरखास्त फाराम पाईने स्थानः** गाउँपालिकाको वेबसाइट gharapjhongmun.gov.np वा गाउँ कार्यपालिकाको कार्यलयबाट प्राप्त गर्न सकिनेछ। कार्यालयको सम्पर्क टेलिफोन नं. ०६९-४४००१६।

**५. छनोटको किसिमः** घरपझोङ गाउँपलिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (संशोधित सहित) मा भएको व्यवस्था बमोजिम प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन गरिने छ तथा लिखित र अन्तरवार्ता परीक्षा हुनेछ।

६. लिखित परीक्षाको पूर्णाङ्क ५० हुनेछ। सोको पास अंक २० हुनेछ। लिखित परीक्षाको मिति पछि तोकिने छ।

७. परीक्षाको किसिम वस्तुगत हुनेछ। लिखित परीक्षाको पाठ्यक्रम सामान्य ज्ञान सहित कृषि विषय सँग सम्बन्धित हुनेछ।

८. लिखित परीक्षामा सफल उम्मेदवारलाई मात्र अन्तरवर्तामा सामेल गराईने छ।

## पोमनपा वडा नं २९ को सार्वजानिक सूचना

पोखरा महानगरपालिका वडा नं २९ को घोतघोतेमा पुष्पा थापाले कि नं ८२१८ र ८२६४ मा निर्माण गरिएको घरको तला थप्नका लागि नक्सा पास गर्ने क्रममा घरको पश्चिम तर्फको कि न ६२६५ र उत्तर तर्फको कि नं ८११७,८११६ का सधियारा सम्पर्कमा नआईपुगेको हुदाँ यदि उक्त जग्गामा कोही कसैको हक दाबी विरोध भएमा यो सूचना प्रकासन भएको मितिले सात दिन भित्र सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

**सम्पर्कः पोखरा महानगरपालिका वडा नं २९ कार्यलाय, भण्डारढीक कास्की**


## शिक्षक आवश्यकता

यस **श्री जनहित माध्यमिक विद्यालय जोमसोम मुस्ताङमा** रिक्त रहेको **माध्यमिक तह लेखा विषयमा करार शिक्षक**को आवश्यकता परेकोले योग्यता पुगेका नेपाली नागरिकद्वार आवेदन माग गरिन्छ।

**तपशिलः**

**पद** : **करार शिक्षक,(माध्यमिक तह, तृतीय श्रेणी)**
**विषय** : लेखा
**संख्या** : १
**योग्यता** : लेखा विषयमा स्नातक तह उत्तीर्ण

*(गणित विषय प्रति पनि विशेष दखल भएका र स्नातकोत्तर योग्यतालाई प्राथमिकता दिईनेछ)*

**आवश्यक कागजातः** नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रका प्रतिलिपि, शिक्षण अनुमति पत्रको प्रतिलिपि,
**सेवासुविधाः** नेपाल सरकारले निर्धारण गरेको सेवासुविधा,
**आवेदन दर्ता मिति** : मिति २०७८/०४/०६ गतेदेखि मिति २०७८/०४/२० गते सम्म,
**आवेदन फाराम शुल्कः** रु १०००।
**आवेदन दर्ता स्थान** : जनहित माध्यमिक विद्यालय,जोमसोम,मुस्ताङ
**छनौट प्रक्रिया** : लिखित र मौखिक परीक्षा

***परीक्षा मिति पछि तय गरिने छ।***

**E–mail: schooljanahit@gmail.com**
**सम्पर्क नं-9856034391, 9847680217, 9857650213**
**जनहित माध्यमिक विद्यालय**
जोमसोम, मुस्ताङ


## मानिस हराएको सूचना !



जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं. १० छाब्दी बस्ने वर्ष ३७ को राजु थापा विगत १२/१३ वर्ष अगाडिदेखि भारतीय सेनाबाट अवकास भइ बसेकोमा मिति २०७६/०७/०३ गते सिविल सेक्रेटरी कामको लागि भारतको देहरादुन जान्छु भनी घरबाट हिडेकोमा भारतमा पुगी जानकारी गराए पश्चात त्यहाँबाट दिल्ली जान्छु भनी हिडेकोमा हालसम्म सम्पर्कमा नआएकोले खोजतलास गरी पाउँ भनी निजको बुबा खिम बहादुर थापाले यस कार्यालयमा हुलिया निवेदन पेश गरेको हुँदा निज राजु थापा (Raju Thapa) हालसम्म पनि सम्पर्कमा नआएकोले कोही कसैले देख्नु भएको भए वा केही जानकारी भए नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

सम्पर्कः
**छोराः प्रज्वल थापा**
**शुक्ला गण्डकी नगरपालिका वडा नं. १०**
**छाब्दी, तनहुँ, सम्पर्क नं.: ९८४६९-९७५३२**

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की





पोखरा २२ पुम्दिकोटमा निर्माणाधीन ५२ फिट अग्लो शिव मूर्ति राख्नका लागि भारतको मथुराबाट ल्याइएका शिवलिङ्गबारे गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेललाई जानकारी गराउँदै पुम्दिकोट विकास समिति अध्यक्ष चन्द्रकान्त बराल । *तस्बिर:रासस*

# मुस्किलले आयो मुस्ताङमा खोप

**समाधान संवाददाता**
जोमसोम, ५ साउन



बेनी जोमसोम सडक दिनहुँजसो अवरुद्ध भइरहँदा कोरोना बिरुद्धको खोप मुस्ताङ ल्याउन मुस्किल पर्ने गरेको छ। अविरल बर्षाका कारण ठाउँ ठाउँमा बाढी, पहिरो र नदी कटानले निर्माणाधीन बेनी जोमसोम सडक अवरुद्ध हुने गरेको छ ।

सडक बन्द हुँदा मुस्ताङमा कोरोना बिरुद्धको खोप ढुवानीमा समस्या परेको जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङले जनाएको छ । सरकारले उत्तर दक्षिण सीमानाका जोड्ने उद्देश्यले २०७४ सालदेखि बेनी जोमसोम कोरला सडक स्तरोन्नति गरिहेको छ । बेनी जोमसोम ४ खण्डमा काम भइरहेको छ । वर्षाले सडक हिलाम्मे हुन्छ ।

म्याग्दी खण्डमा कमजोर भूबनोट तथा आयोजनाले गर्ने सडक निर्माणका क्रममा परिचालन गरिएको डोजर, एस्काभेटर, ब्रेकर लगायतका उपरकरणले भाइब्रेसन गर्ने भएकाले बेनी–जोमसोम सडक भासिने, माथिबाट पहिरो जाने र सडक बेस बगाउने भएको छ । अहिले सडकमा सवारी साधन तथा पैदलयात्रीलाई समेत सास्ती भएको छ ।

वर्षाका कारण बर्सेनि म्याग्दी र मुस्ताङको सीमाना काभ्रेभीर, म्याग्दीको रुप्से झरना, गइठे, तातोपानी, बेगखोला, बैसरी, गलेश्वर लगायतका ठाउँमा दिनहुँ सडक बिग्रिने गरेको छ ।

मुस्ताङमा ५५ वर्षभन्दा तलका नागरिकले कोरोना बिरुद्धको खोप लगाउने अवसर पाएका छैनन् । ५५ वर्षभन्दा माथिकाले लगाइसकेका छन् । मुस्ताङमा लक्षित वर्गले कोरोना बिरुद्धको खोप लगाउन नपाएको गुनासो छँदै छ ।

अमेरिकाले हालै अनुदानमा उपलब्ध गराएको खोप ६ सय ५० डोज गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले मुस्ताङलाई उपलब्ध गरायो । मुस्ताङलाई उपलब्ध गराइएको ढुवानी गर्न समस्या परेको स्वास्थ्य कार्यालय मुस्ताङले जनाएको छ । खोपको पर्खाइमा बसेका मुस्ताङीलाई खोप लगाउनका लागि ढुवानी गर्दा धेरै सास्ती भोग्नुपरेको स्वास्थ्य कार्यालय मुस्ताङका कार्यालय प्रमुख टीकाराम भण्डारीले बताए ।

'बर्खायाममा बेनी–जोमसोम ठाउँ ठाउँमा सडक अवरुद्ध छ । गाडी पनि ठाउँ ठाउँमा फेर्नु पर्‍यो,' भण्डारीले भने, 'गाडी नजाने सडकमा सडकका मजदुर र कर्मचारीले सहयोग गरे । मुस्किलले खोप मुस्ताङसम्म ल्याइपुर्‍यायौं ।'

स्वास्थ्य कार्यालय मुस्ताङले पोखराबाट ढुवानी गरेको खोप मुस्ताङसम्म ल्याउनका लागि बेनी–जोमसोम सडक अन्तर्गत शर्मा गजुरमुखीका सुपरभाइजर ईन्द्रसिंह शेरचनले निकै सहयोग गरेको स्वास्थ्य प्रमुख भण्डारीले उल्लेख गरे । बक्समा राखिएको खोपको भारी सुपरभाइजर शेरचनले बोकेर सडक क्रस गराएका थिए । 'उहाले खोप सडक क्रस गराई ठूलो मद्दत गर्नुभयो, पैसासमेत लिनु भएन,' प्रमुख भण्डारीले थपे, 'उहाँसगै अरु सडक मजदुरले पनि सहयोग गरे । जेनतेन कोभिड खोप मुस्ताङ ल्याउन सफल भयौं ।'

सडक सुपरभाइजरले शेरचनले आफूले भ्याक्सिन क्रस गराउन मानवीय तवरले सहयोग गरेको बताए । बेनी जोमसोम सडक आयोजना सुरुआतदेखि नै सडक सुपरभाइजरका रुपमा खटिएका शेरचनले बर्खायाममा बर्सेनि सडक अवरुद्ध हुँदा सवारी साधन तथा पैदलयात्रीलाई सघाइरहेका छन् ।

# राजनीतिक दौडधूपमा विप्लव





**राष्ट्रिय समाचार समिति**
काठमाडौं, ५ साउन

## पूर्वमाओवादी र कम्युनिस्ट नेताहरुसँग भेटेर वामपन्थी एकता, सहमति कार्यान्वयन वा अरु के खोज्दै छन् विप्लव ?

खुला राजनीतिमा आएपछि पनि झण्डै ५ महिनासम्म 'गुमनाम' बनेका नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले पछिल्ला केही दिनयता राजनीतिक भेटघाटलाई तीव्र पारेका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग ३ बुँदे सम्झौता गरेर भूमिगत राजनीति परित्याग गरेका चन्दको ओली सत्ताबाट बाहिरिएसँगै भइरहेको राजनीतिक भेटवार्तालाई चासोका साथ हेरिएको छ । पछिल्लो साताभित्र चन्दले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकलम दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका नेता डा बाबुराम भट्टराई, आफ्ना राजनीतिक गुरु एवं नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, एमाले प्रवेश गरेका पूर्वमाओवादी नेताहरू टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणिचन्द्र थापा र प्रभु साह, एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गरे ।

राजनीतिक भेटवार्ता मूलत: सरकार र नेकपाबीच गत फागुन २० गते भएको ३ बुँदे सहमति कार्यान्वयनको अवस्था र वर्तमान राजनीतिक परिस्थितिका बारेमा केन्द्रित रहेको प्रस्ट देखिएको छ । विशेषत: प्रचण्डसँगको भेटमा चन्दले ओली नेतृत्वको सरकारसँग भएका सहमति शेरबहादुर देउवा नेतृत्वको सरकारले कुन ढंगले ग्रहण गर्छ भन्ने विषयमा कुराकानी गरेका थिए ।

नेकपाका नेता धर्मेन्द्र बाँस्तोला मुख्यत: २ बुँदामा केन्द्रित रहेर राजनीतिक भेटवार्ता भएको जानकारी दिए । सरकारसँग भएको ३ बुँदे सहमति कार्यान्वयन र वर्तमान राजनीतिक जटिलताको निकासका बारेमा महासचिव चन्दले छलफल गरेको उनले बताए ।

'भेटवार्ताका क्रममा हामीले ३ बुँदे सहमति कार्यान्वयनमा भइरहेको ढिलाइका बारेमा जिज्ञासा राख्यौं, सहमतिको कार्यान्वयन गरौं भन्ने विषयलाई जोड दियौँ', उनले भने, 'विभिन्न पार्टीका नेतासँग भएका भेटमा वर्तमान राजनीतिक घटनाक्रमका बारेमा पनि छलफल भए ।'

नेकपाले सरकारसँग प्रगतिशील संयुक्त सरकार, जनमत संग्रह र वैज्ञानिक समाजवाद निर्माणका लागि बहस र छलफल चलाउने ३ बुँदे सहमति गरेको थियो । सोही सहमतिका आधारमा सरकारले नेकपाको गतिविधिमाथि लगाइएको प्रतिबन्ध हटाएको थियो । सरकारसँग भएको सहमति अनुसार पक्राउ परेका कार्यकर्ता रिहा नभएको भन्दै नेकपाले सहमतिको कार्यान्वयनमा आशंका व्यक्त गर्दै आएको छ ।

अझै पनि नेकपाका कार्यकर्ता विभिन्न मुद्दामा कारागारमा थुनामा छन् । 'अझै १ सय २० भन्दा बढी हाम्रा कार्यकर्ता कारागारमा छन्', नेता बाँस्तोलाले भने, 'कार्यकर्ता रिहाइमा भएको ढिलाइ विषयमा पनि भेटमा छलफल भएको हो ।'

मोहन वैद्यसँगै तत्कालीन नेकपा (एकीकृत माओवादी) फुटाएर अलग्गै पार्टीमा लागेका चन्दको वैद्यसँगको सहकार्य पनि लामो समय जान सकेन । वैद्यको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न हुन नसक्ने भन्दै उनले छुट्टै पार्टी बाए । ओली नेतृत्वको सरकारले चन्द नेतृत्वको नेकपाको गतिविधि गैरराजनीतिक प्रकृतिको भएको ठहर गर्दै प्रतिबन्ध लगाएको थियो ।

वामपन्थी विश्लेषक श्याम श्रेष्ठ चन्दको भेटवार्ताको शृंखलालाई २ कोणबाट हेर्नुपर्ने विचार राख्छन् । सरकारसँग भएको ३ बुँदे सहमति कार्यान्वयन र कार्यकर्ता रिहाइसँगै वामपन्थी एकताको सम्भावनाका विषयमा चन्दले छलफल गरेको हुन सक्ने उनको अनुमान छ । 'विप्लव खुला राजनीतिमा आएपछि अब उहाँको बाटो के त ?', श्रेष्ठले भने, 'डा भट्टराई, माधव नेपाल, प्रचण्डसँगको भेटवार्तामा के वामपन्थी मिल्न सक्छन् भन्ने विषयमा छलफल भएको हुन सक्छ ।' वामपन्थी एकताका लागि दाहाल, नेपाल र चन्दबीच कुराकानी भए पनि त्यसले मूर्त रूपमा पाउन कठिन देखिएको उनी बताउँछन् । 'वैचारिक र सैद्धान्तिक छलफल गहिरोसँग गरेर, मिलन विन्दु पहिल्याएर, काम, कारबाहीमा एकरुपता ल्याएर गरेको एकता टिकेको देखिन्छ, सैद्धान्तिक विषय नटुंगीकन भएका एकता टुटेका छन्', श्रेष्ठले भने ।

वामहरूको एकता तत्काल सम्भव नभए पनि गठबन्धन लामो समयसम्म टिक्न सक्ने उनको बुझाइ छ । विश्लेषक श्रेष्ठ माओवादी केन्द्र, एमालेको माधव नेपाल पक्ष र चन्द नेतृत्वको नेकपाबीचको 'एलायन्स' सम्भव देख्छन् । 'चन्द सशस्त्र संघर्षको बाटोमा हुनुहुन्थ्यो, सशस्त्र संघर्ष त्यागेपछि उहाँको बाटो के त अब ? त्यसो भएकाले यी ३ पक्षबीच गठबन्धन हुन सक्छ', उनले भने, 'तर पार्टी एकता हुन सक्दैन ।'

# लागुऔषधसहित पक्राउ

**समाधान संवाददाता**
पोखरा, ५ साउन

तनहुँबाट लागुऔषध सहित दुईजना पकाउ परेका छन् । पर्वत कुश्मा नगरपालिका ५ र १० बस्ने २६ र २५ वर्षका बिकु मगर र उमेश क्षेत्री पकाउ परेका हुन् ।

मंगलबार दिउँसो जिल्ला तनहुँ व्यास नगरपालिका २ भोर्लेटारचोकमा प्रहरीले उनीहरुलाई पक्रेको हो । बुटवलबाट पोखरातर्फ आउँदै गरेको यात्रु बाहक बसलाई जाँच गर्ने क्रममा उनीहरु पक्राउ परेका हुन् । उनीहरुको साथबाट फेनेरागन ४६ एम्पुल, डाइजापाम ४६ एमपुल र नुरफिन ४६ एम्पुल बरामद भएको प्रहरी उपरीक्षक अरुण पौडेलले जानकारी दिए ।

प्रहरीले बागलुङमा दुईजनालाई लागुऔषध पक्राउ गरेको छ । बागलुङ नगरपालिका ४ बस्ने वर्ष २२ का रोहन पुन र वर्ष २१ का प्रताप क्षेत्रीलाई पक्राउ गरेको हो ।

जिल्ला बागलुङ नगरपालिका ३ चिप्लेटी वसपार्कस्थित प्रहरी चेकिङ टोलीले सवारी साधनहरु जाँच गर्ने क्रममा ध२प नम्बरको मोटरसाइकलमा सवार दुईजनालाई पक्राउ गरेको हो । उनीहरुको साथबाट ट्रामाडोल २५० पिस फेला पारी उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिएको प्रहरी उपरीक्षक अरुण पौडेले जानकारी दिए ।

# 'क्या बबाल' सार्वजनिक

पोखरा, ५ साउन (समाधान)- कलाकारद्वय रोहन नेपाली र बिना राउत अभिनित म्युजिक भिडियो 'क्या बबाल' सार्वजनिक गरिएको छ । मनी खालिङको प्रस्तुतिमा निर्माण भएको गीतलाई खालिङले नै लेखका हुन् । स्वर भने सुभाष ढुंगानाको छ । हरि लम्सालले संगीत भरेको गीतको संगीत संयोजन देवेन्द्र नेवाले गरेका छन् । भिडिओमा सरस्वती श्रेष्ठको शृंगार छ । सौरभ लामाले खिचेको भिडिओ बन्दे प्रसादले सम्पादन गरेका हुन् । भिडिओमा कोरियोग्राफी तथा निर्देशन रामजी लामिछानेले गरेका छन् । बिना राउत टिकटकबाट आएकी कलाकार हुन् भने रोहन पोखराबाट संघर्ष गरिरहेका छन् ।

# नागरिक पार्टी गण्डकी प्रदेश अध्यक्षमा रिजाल



**समाधान संवाददाता**
नवलपुर, ५ साउन

राष्ट्रिय नागरिक पार्टीले गण्डकी प्रदेश अध्यक्षमा नवलपुर गैंडाकोटका ठानिश्वर रिजाल पशुपतिलाई चयन गरेको छ । ६३ वर्षको लामो राजनीतिक इतिहास बोकेका रिजाल नेपाली कांग्रेसको पूर्वक्रियाशील सदस्य हुन् ।

देश विकासमा वैकल्पिक शक्तिको रूपमा ुत गतिमा अघि बढिरहेको राष्ट्रिय नागरिक पार्टीको सिद्धान्तले साह्रै मन छोएको र वास्तविक रूपमा देश र जनताको हितमा यो पार्टीले काम गर्ने अभियानमा आफू पनि सहभागी बन्ने दृढ संकल्प साथ पार्टी प्रवेश गरेको बताउनु भयो ।

राष्ट्रिय नागरिक पार्टीले उनको सामाजिक तथा राजनीतिक योगदानको उच्च सम्मान गर्दै केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश अध्यक्षको जिम्मेवारी प्रदान गरेको हो । पार्टीको जिल्ला कार्यालय चितवन भरतपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा माडी नगरपालिका ४ का तुमराज महतो, राम महतो, कालिका नगरपालिका ५ का सन्तकुमार चौधरी, २ का कृष्णबहादुर गुरुङ, ३ का निरबहादुर पाख्रिन र मीनबहादुर गुरुङहरु अन्य पार्टी परित्याग गरी राष्ट्रिय नागरिक पार्टीमा प्रवेश गरेका छन् । पार्टीका केन्द्रीय अध्यक्ष शुक्रबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत केन्द्रीय सहमहामन्त्री सागर कार्की र सञ्चालन सहसचिव आनन्द थापाले गरेका थिए ।

# ३ प्रतिशत कम राजस्व संकलन

कास्की, ५ साउन (रासस)- आन्तरिक राजस्व कार्यालयले गत आर्थिक वर्षमा राजस्व संकलनको लक्ष्य भेट्टाउन सकेन । राजस्व संकलन सन्तोषजनक रहे पनि कोरोना महामारी रोकथामका लागि जारी निषेधाज्ञाले असर पारेका कारण निर्धारित लक्ष्यमा पुग्न नसकिएको कार्यालयले जनाएको छ । कास्की र स्याङ्जा कार्यक्षेत्र रहेको सो कार्यालयले लक्ष्यभन्दा ३ प्रतिशत कम राजस्व उठाएको हो । गत आवमा ४ अर्ब ८२ करोड २७ लाख ८५ हजार राजस्व उठाउने लक्ष्य लिइएकामा ४ अर्ब ६७ करोड ८५ लाख ९५ हजार संकलन भएको कार्यालयका सूचना अधिकारीसमेत रहेका कर अधिकृत विजयप्रसाद लामिछानेले जानकारी दिए ।

उक्त कार्यालय आव २०७६/७७ को तुलनामा भने राजस्व संकलनको लक्ष्य नजिक पुगेको छ । सो आवमा ५ अर्ब ६१ करोड ६७ लाख राजस्व उठाउने लक्ष्य रहेकामा ४ अर्ब ३ करोड ११ लाखमात्र संकलन भएको थियो । जुन लक्ष्यभन्दा २९ प्रतिशत न्यून थियो ।

कर अधिकृत लामिछानेले राजस्व संकलन सन्तोषजन रहेको बताए । उनले भने, 'राजस्वको शत्प्रतिशत लक्ष्य पूरा नभए पनि लक्ष्यको नजिक पुग्न सफल भयौँ । भुक्तानी टिडिएसहरू समयमै दाखिला नभएको र कोरोनाका कारण व्यापार-व्यवसायमा समेत असर पुगेकाले राजस्वमा केही कम भएको हो ।'

आव २०७७/७८ मा आयकरतर्फ २ अर्ब ८५ करोड राजस्व संकलन भएको छ । जुन लक्ष्यभन्दा बढी हो । २ अर्ब ७७ करोड ८६ लाख आयकरबाट राजस्व उठाउने लक्ष्य राखिएको कार्यालयले जनाएको छ ।

मूल्य अभिवृद्धि करबाट १ अर्ब २९ करोड २० लाख, अन्त:शुल्कबाट १९ करोड ८५ लाख ६३ हजार, करको ब्याजबाट २८ करोड ५ लाख ८६ हजार, घरभाडा करबाट ५ करोड ५४ लाख ९६ हजार, स्वास्थ्य सेवा करबाट १२ लाख २२ हजार र शिक्षा करबाट ४ लाख ५३ हजार राजश्व दाखिला भएको सूचना अधिकारी लामिछानेले जानकारी दिए । कार्यालयमा गत वर्षमा ३० हजार ८ सय ९२ करदाता थपिएका थिए । आव २०७६/७७ को असार मसान्तसम्म १ लाख ३४ हजार ६ सय ७० करदाता भएकामा गत आवमा ३० हजार ८ सय ९२ करदाता बढेर १ लाख ६५ हजार ५ सय ६२ पुगेका हुन् ।

**VACANCY**

**National Healthcare Pvt. Ltd.,** one of the leading pharmaceutical companies of Nepal, invites applications from suitable candidates.

| | |
|---|---|
| Post | Medical Sales Officer |
| Qualification | B.Sc. / B. Pharm or equivalent |
| Headquarter | Pokhara |
| Division | Delica National, Optima National |

If you have excellent communication skills, ability to work in a team & willingness to work in odd hours, then please send in your updated CV via e-mail to **mkt@nationalhealthcare.com.np** by **2078-04-12.**

**National Healthcare**
Kamalpokhari, Kathmandu, Nepal.
Tel: 01-4444878

**हार्दिक बधाई**



श्री केशवप्रसाद अधिकारी

यस पृथ्वी राजमार्ग बस संचालक कम्पनी प्रा.लि.का संरक्षक **श्री केशवप्रसाद अधिकारीज्यू** **सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालको विशेष साधारण सभा**बाट गरिमामय **केन्द्रीय बरिष्ठ व्यवसायी पद**मा निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई** सहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**योगेन्द्र बहादुर के.सी.**
अध्यक्ष एवं
**पृथ्वी राजगर्मा बस संचालक कम्पनी प्रा.लि. परिवार पोखरा**

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com